सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७

## शर्तहरु :-

१. बैठकी करको दररेट सियारी गाउँपालिकाबाट प्राप्त गर्न सकिने छ ।

२. छुट्टाछुट्टै बजारका लागि छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

३. ठेक्का रकम अंक र अक्षरमा दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

४. आफुले कबुल गरेको रकमको (नेपाली नागरिक भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि सिलबन्दी दरभाउपत्र साथ ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुने रकम धरौटी स्वरुप सियारी गाउँपालिकाको एनआईसी एशिया बैंक (NIC ASIA BANK) मा रहेको धरौटी खाता नं ०९३२०५००१४९४१०१२ मा जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न हुनुर्पेछ ।

५. कार्यालय प्रमुखको सहिछाप नभएको, रित नपुगेको र म्याद नाघी आएको सिलबन्दी दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

६. सिलबन्दी दरभाउपत्र फारम रु.५००। (फिर्ता नहुने गरी) तिरी सियारी गाउँपालिकाबाट उपलब्ध हुनेछ ।

७. ठेक्का रकम रु. ५०–५० प्रतिशतको दरले २ किस्तामा बुझाउनु पर्नेछ । सियारी गाउँपालिकाको एनआईसी एशिया बैंक (NIC ASIA BANK) मा रहेको आन्तरिक राजश्व खाता नं ०९३२०५००१४९४१०१३ मा ठेक्का रकम जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ ।

८. प्रथम किस्ता सिलबन्दी दरभाउपत्र स्वीकृत भई सूचना पाएको मितिले ७ दिनभित्र दाखिला गरी बाकी किस्ताका लागि धन जमानी र धितो ग्यारेण्टी सहित पट्टा उठाउनु पर्नेछ । अन्यथा धरौटी जफत गरी अर्को व्यवस्था गरिनेछ ।

९. बाकी किस्ता रकम २०७९ पौष मसान्तभित्र दाखिला गर्नुपर्नेछ र शर्तहरुको पालना नभएमा ठेक्का तोड्न सकिनेछ ।

१०. सिलबन्दी दरभाउपत्र मिति २०७९/०३/२८ गते सम्म यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

११. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०७९/०३/२९ गते (बिदा परे भोली पल्ट) दिनको १२:०० बजेभित्र सियारी गाउँपालिकामा दर्ता गराई सक्नुपर्नेछ ।

१२. सिलबन्दी दरभाउपत्र मिति २०७९/०३/२९ गते दिनको २:०० बजे सियारी गाउँपालिकामा सिलबन्दी दरभाउपत्र दर्तावाला निजको प्रतिनिधिको उपस्थिति वा अनुपस्थितिमा खोलिनेछ ।

१३. स्वीकृत सिलबन्दी दरभाउपत्रको रकम अग्रीम रुपमा एक मुष्ट बुझाएमा १० प्रतिशत छुट दिइनेछ ।

१४. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार सियारी गाउँपालिकामा सुरक्षित रहनेछ ।

१५. अन्य जानकारीको लागि कार्यालय समयभित्र सियारी गाउँपालिकामा सम्पर्क गर्न सकिनेछ ।

१६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को परिच्छेद १२ र अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम हुनेछ ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत